| नि./नं. | प्रस्ताव/ विषय | निर्णय |
|---|---|---|
| १ | बैठकको समिक्षा सम्वन्धमा | अघिल्लो ९१ औं कार्यपालिकाको निर्णयहरू सोको कार्यान्वयनको अवस्था सम्बन्धमा आवश्यक छलफल र समीक्षा गरियो यस सम्बन्धमा निर्णयहरू कार्यान्वयनमा रहेकोले प्रभावकारी बनाउन नियमित समन्वय र सहजीकरण गर्ने। |
| २ | भोटेकोशी राहत सम्बन्धमा। | लेटाङ नगरपालिकाको तर्फबाट भोटेकोशी र त्रिशुली नदिमा आएको भिषण बाढी र उक्त बाढिले पुर्याएको क्षतिको राहत तथा पुनःस्थापनका लागि देहाय बमोजिमको जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकहरूको तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा सम्पूर्ण जनप्रतिनिधिहरूको ७(सात) दिनको, अधिकृतस्तर कर्मचारीहरुको ७(सात) दिनको, सहायस्तर कर्मचारीहरूको ५(पाँच) दिनको र श्रेणिविहिन कर्मचारीको २(दुई) दिनको हुने गरी देहाय बमोजिमको रकम भदौ महिनाको तलबबाट कट्टाहुने गरी जम्मा गर्ने।<br>**<u>देहायः</u>**<br>(क्र.सं. / विवरण / रकम)<br>१ / जनप्रतिनिधिहरूको तर्फबाट / १४९१००।-<br>२ / कर्मचारीहरूको तर्फबाट / ७११५५२।-<br>३ / शिक्षक तथा विद्यालय कर्मचारीहरूको तर्फबाट / १७०६७३३।-<br> / जम्मा / २५६७३८५/- |
| ३ | आर्थिक सहयोग सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ४ मा अवस्थित आर.ए.डान्स क्रिउ (स्टुडियो) को माग निवेदन बमोजिम रू.२५०००/- आर्थिक सहयोग उपलब्ध गराउने। (**श्रोतः विभिन्न** भाषा, कला, साहित्य, संस्कृति तथा पर्व .मेला उत्सव, महोत्सव संरक्षण तथा प्रवर्धन विविध कार्यक्रम खर्च) |
| ४ | जेष्ठ नागरिक तथा उद्दार केन्द्र संचालन सम्बन्धमा। | लेटाङ नगरपालिका अवस्थित जेष्ठ नागरिक तथा उद्धार केन्द्र संचालन कार्यविधि निर्माण गर्ने। साथै उक्त स्थानमा संचालनमा रहेको सभाहललाई सरकारी तथा गैरसरकारी कार्यालय तथा बिभिन्न संघ संस्थाहरूलाई बाहेक अन्यलाई कार्यक्रम संचालन गर्न नदिने तथा उक्त स्थानमा कार्यक्रम संचालन गर्दा बाहिर ठूलो ध्वनी आउने लगायतका गतिबिधि गर्नलाई रोक लगाउने। |
| ५ | जाँते स्वास्थ्य चौकी ल्याव सम्बन्धमा। | लेटाङ नगरपालिकाको आधारभुत स्वास्थ्य चौकी जाँतेमा ल्याव सम्बन्धमा डा.मनिष उप्रेतीको संयोजकत्वमा समिति गठन भएकोमा निज हाल परिक्षाको कारण विदामा रहनुभएको हुँदा उक्त सम्बन्धमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने। |
| ६ | भगिनी सम्बन्ध सम्वन्धमा। | लेटाङ नगरपालिका र जापानको नेहा सिटी सँग भगिनी सम्बन्धमा स्थापनाका लागि जापान स्थित नेपाली राजदुतावास मार्फत पत्राचार भई भगिनी सम्बन्धमा स्थापनाका लागि प्रक्रिया अगाडी बढेको साथै राजदुतावास बाट प्राप्त पत्र अनुसार भगिनी सम्बन्ध |

| | | |
|---|---|---|
| | - | स्थापनाको क्रममा लेटाङ नगरपालिकाले प्रस्ताव पेश गर्नसक्ने भनी उल्लेख भएको हुँदा लेटाङ नगरपालिकाको एग्रो टुरिजम क्षेत्रमा अनुदान सहायता प्रस्ताव तयार गर्न यस नगरपालिकामा दक्ष जनशक्ति नभएको हुँदा परामर्श सेवा खरिद मार्फत कार्य अगाडी वढाउन रू ५,००,०००/- बजेट बिनियोजन गर्ने। (श्रोत: सेवा तथा परामर्श) |
| ७ | **सेवा प्रवाह सम्बन्धमा।** | लेटाङ नगरपालिकामा अवस्थित कृषि विकास शाखा र कृषि ल्यावलाई लेटाङ नगरपालिका स्थित विरनमा रहेको पुरानो नगर अस्पतालमा सार्ने। |
| ८ | **विपद व्यवस्थापन सम्बन्धमा।** | लेटाङ नगरपालिका वडा नं ८ र ९ को सडक जोखिम न्यूनिकरण सम्बन्धी सामाग्री खरिदका लागि बजेट अभाव भएको भनी माग निवेदन प्राप्त भएकाले सडक सुरक्षाको सामाग्री खरिद गर्नका लागि रू१००००० बजेट बिनियोजन गर्ने। (श्रोत: विपद् व्यवस्थापन कोष) |
| ९ | **योजना सिफारिस सम्बन्धमा।** | संघिय शहरी विकास तथा भवन निर्माण कार्यालय, विराटनगर मिति:२०८३।०५।१७ गतेको च.नं. २८३ भएको पत्रानुसार मोरङ जिल्ला स्थित लेटाङ नगरपालिकामा शहरी सडक स्तरउन्नती, मर्मत सुधार तथा सडक सुरक्षा कार्यक्रममा १ करोड ५० लाख विनियोजन भएकोमा लेटाङ नगरपालिकाको देहायको कालोपत्रे सडकहरू मर्मत संभारका लागि सिफारिस गर्ने। |

<u>देहाय:</u>

| क्र.सं. | योजनाको नाम |
|---|---|
| १ | श्री आ.वि. लाईन, लेटाङ – ३ |
| २ | जाँतिको भु.पु. टोल, लेटाङ- ८ |
| ३ | डि.पि.एम मार्ग, लेटाङ – ९ |
| ४ | एनएमबी लाईन हुँदै शनिबारे हाटबजार लाईन, लेटाङ - ४ |
| ५ | ग्रिनभ्याल्ली लाईन, लेटाङ – ४ |
| ६ | बालकोषिस मार्ग, लेटाङ – ६ |
| ७ | साकोष मार्ग, लेटाङ – २ |

| | | |
|---|---|---|
| १० | स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कनको पारम्भिक प्रतिवेदन तथा प्राप्ताङ्क सम्बन्धमा। | **स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन कार्यीबिधि),२०८२ बमोजिम विषयगत शाखाबाट प्रविष्ट भई स्वमूल्यांकन समन्वय समितिको सिफारिस तथा विषयगत समितिमा प्रतिवेदनको विवरण उपर छलफल र पृष्टपोषण सहित पेश भई आएको लेटाङ नगरपालिकाको स्थानीय शासन कार्य सम्पादन स्वमूल्याङ्कन कुल प्राप्ताङ्क ७५ लाई जिल्ला समन्वय समितिमा पृष्टपोषणका लागि पठाउन स्विकृती प्रदान गर्ने।** |
| ११ | विपद् जोखिम नदिजन्य पदार्थ व्यवस्थापन | विगत लामो समय देखि नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय अन्तर्गत सासेक राजमार्ग सुधार आयोजना कौंकडभिट्टा- लौकही सडक (पूर्वि खण्ड) बाट पटक- पटक |

<table>
<tr><td></td><td></td><td>गरी बिभिन्न समयमा आयोजना निर्माणका लागि आवश्यक नदिजन्य पदार्थ उपलब्ध गराईदिनुहुन भनी माग पत्र प्राप्त भएको छ। साथै लेटाङ नगरपालिकाको चिसाङ खोलामा चिसाङ पुल दक्षिण तर्फको क्षेत्रमा विपद्जन्य नदिजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा निर्णय भई आएकोले ८०६०० घनमिटर नदिजन्य पदार्थलाई राष्ट्रिय राजमार्ग निर्माण प्रयोजनका लागि उपलब्ध गराउने।</td></tr>
<tr><td>१२</td><td>सुत्केरीलाई यातायात खर्च सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका लेटाङ अस्पतालमा प्रसुती सेवा लिन आउने सेवाग्राहिका लागि संलग्न अनुसूची बमोजिमको सुत्केरीलाई यातायात (एम्बुलेन्स) खर्च उपलब्ध गराउने।</td></tr>
<tr><td>१३</td><td>योजना सिफारिस सम्बन्धमा।</td><td>संघिय शहरी विकास तथा भवन निर्माण कार्यालय, विराटनगर मितिः२०८३।०५।१७ गतेको च.नं. २५२ भएको पत्रानुसार संघन शहरी विकास कार्यक्रम अन्तर्गत मोरङ जिल्ला लेटाङ नगरपालिका शहरी पूर्वाधार निर्माण कार्यको लागि रू ३ करोड विनियोजन भएकोमा लेटाङ नगरपालिकाको देहायको योजनाहरू संचालनका लागि सिफारिस गर्ने।<br><u>देहायः</u>
<table>
<tr><th>क्र.सं.</th><th>योजनाको नाम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>राजारानी - आरूबोटे सडक निर्माण</td><td>१ करोड</td><td>बहुवर्षे</td></tr>
<tr><td>२</td><td>भुवाखोला - बारजी मन्दिर – गुराँसेडाँडा सडक निर्माण</td><td>१ करोड</td><td>संघन शहरी विकास कार्यालय क्रमागत योजना</td></tr>
<tr><td>३</td><td>समला प्रर्यटन पूर्वाधार निर्माण</td><td>१ करोड</td><td></td></tr>
</table></td></tr>
<tr><td>१४</td><td>सामाजिक सुरक्षा सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकाको करार कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्धताका लागि अध्ययन गरी प्रतिवेदन पेश गर्न लेटाङ नगरपालिका सार्वजनिक लेखा समितिलाई जिम्मेवारी प्रदान गर्ने।</td></tr>
<tr><td>१५</td><td>मनोनयन सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकाको सामाजिक विकास समितिको संयोजकको पद खालि रहेको हुँदा लेटाङ नगरपाललिका वडा नं ९ को वडा अध्यक्ष श्री नन्द प्रसाद खतिवडालाई सामाजिक विकास समितिको संयोजकमा मनोनयन गर्ने।</td></tr>
<tr><td>१६</td><td>उपभोक्ता समिति गठन सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका भित्रका सम्पूर्ण वडा कार्यालयहरूमा बिनियोजन बजेट भित्रको निर्माण सम्बन्धी योजनाहरूको उपभोक्ता समितिको गठन गर्ने।</td></tr>
<tr><td>१७</td><td>बार्षिक खरिद योजनाको अनुमोदन सम्बन्धमा।</td><td>आ.व.२०८३।८४ को बार्षिक खरिद योजना स्विकृतिको अनुमोदन गर्ने।</td></tr>
<tr><td>१८</td><td>बजेट बिनियोजन सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका वडा नं ५ को विभिन्न पैनीहरूको मुहान उठाउने कामका लागि प्राविधिक स्टमेट बमोजिम रू८७०००/- बजेट बिनियोजन गर्ने। (श्रोतः विभिन्न पैनीहरूको स्तरउन्नती)</td></tr>
</table>

| क्र.न. | विवरण | रकम |
|---|---|---|
| | बथाहा आसपासको क्षेत्र | ५००० |
| २ | आरुबोटे, साग्मा, कुवापानी आसपासका क्षेत्र | ४५०० |
| ३ | साखफारा, धनबरे, आसपासको क्षेत्र | ४५०० |
| ४ | कुड्कुन्डा आसपासको क्षेत्र | ४५०० |
| ५ | अँधेरी, मलिबासे, खर्बनी आसपासका क्षेत्र | ४००० |
| ६ | मुर्चुङ्गी आसपासका क्षेत्र | ३५०० |
| ७ | कार्तिके ,खर्बनी आसपासका क्षेत्र | ३५०० |
| ८ | ठोक्रे आसपास क्षेत्र | ४००० |
| ९ | राजारानी, याम्डाडा, सारुङ आसपास क्षेत्र | २५०० |
| १० | फेदाङ्जुङ्ग, फुर्केटार आसपासका क्षेत्र | ६५०० |
| ११ | पञ्चमी, तिनकटहरी, जोबारी,कालिकोर्ट आसपासका क्षेत्र | ५५०० |
| १२ | बारङ्गी आसपासका क्षेत्र | ५००० |
| १३ | पित्लुम्बा, घिरिङ्खा आसपासका क्षेत्र | ४५०० |
| १४ | कुम्ले आसपासका क्षेत्र | ४००० |
| १५ | सिमाना आसपासका क्षेत्र | ३००० |
| १६ | आपटार ,अशारे डाँडा, केराबारी भुसुने आसपासका क्षेत्र | २००० |
| १७ | समला आसपासका क्षेत्र | ४००० |
| १८ | आहाले, चाम्लिङ टोल ,बागखोर, होक्से आसपासका क्षेत्र | ४५०० |
| १९ | ज्यामिरे आसपासका क्षेत्र | २५०० |
| २० | पाँङ्गे धाप अँधेरी साम्लिङ्ग,नवलपुर लालझोडा आसपासका क्षेत्र | २५०० |
| २१ | याङसिला आसपासका क्षेत्र | १५०० |
| माथी उल्लेखित बाहेकका अन्य बाकि वडा र वडाको स्थानहरूको हकमा रू ६०० यातायात खर्च उपलब्ध गराउने। | | |
| लेटाङ अस्पताल बाट चिकित्सकको सिफारिस बमोजिम बिराटनगर धरान वा अन्यत्र लैजानुपरेमा अस्ततालको सिफारिसमा रू ४००० अतिरिक्त यातायात खर्च उपलब्ध गराउनुपर्नेछ। | | |

१५००